# माङसेबुङ खेलकुद कार्यविधि २०७५

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७५/०२/३१

प्रस्तावनाः विकास अनुशासन र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य समन्वय एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्ने उद्धेश्यबाट अभिप्रेरित भई यस क्षेत्रलाई थप मर्यादित बनाउन बाञ्छनीय भएकोले माङसेबुङ गाउँपालिकाले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : यस निर्देशिकाको नाम माङसेबुङ खेलकुद निर्देशिका २०७५ रहनेछ ।

२. यो निर्देशिका गाउँ कार्यपालिकाबाट पारित भएको मिति बाट लागु हुनेछ ।

३. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

३.१ खेलकुद भन्नाले माङसेबुङ गाउँपालिकाको आयोजना वा स्विकृती वा सहमति लिई खेलाईने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

३.२ खेलाडी भन्नाले विभिन्न विधाका राष्ट्रिय अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ ।

३.३ खेलकुद समिति भन्नाले यो निर्देशिका बमोजिम गठित माङसेबुङ खेलकुद समितिलाई सम्झनु पर्दछ ।

३.४ प्रोत्साहन भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## माङसेबुङ खेलकुद समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. माङसेबुङ खेलकुद समितिको गठन देहाय बमोजिम हुनेछ ।

४.१ अध्यक्ष- गाउँ कार्यपालिकाले तोकेको व्यक्ति- १ जना

४.२. उपाध्यक्षः गाउँ कार्यपालिकाले तोकेको व्यक्ति- १ जना

४.३. कोषाध्यक्षः गाउँ कार्यपालिकाले तोकेको महिला-१ जना

४.४ सदस्य-खेलकुदका विभिन्न विधाबाट १/१ जना पर्ने गरी २ महिला सहित- ५ जना

४.५ गाउँपालिका भरीका सामुदायिक विद्यालय मा.वि. तहका खेल शिक्षक गाउँ कार्यपालिकाले तोकेको- १ जना

४.६ सदस्य सचिव-गाउँ कार्यपालिकाको सम्बन्धित शाखा हेर्ने वा गाउँ कार्यपालिकाले तोकेको कर्मचारी- १ जना

५. खेलकुद समितिको काम, कर्तव्य र अधिकारः खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

५.१ गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने ।

५.२ विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने ।

५.३ अन्य गाउँपालिका वा नगरपालिका आयोजना गरेको खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा माङसेबुङ गाउँपालिका भित्रका खेलाडी टीम वा क्लवलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने ।

५.४ निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने ।

५.५ माङसेबुङ गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागु गर्ने ।

५.६ खेलकुदको विकासका लागि केन्द्र सरकार, प्रदेश सरकारसंग सम्पर्क गर्ने र गाउँपालिकाको परामर्शमा योजना बनाई पेश गर्ने ।

५.७ माङसेबुङ गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने ।

५.८ खेलकुद विकासको लागि योजना बनाई गाउँपालिकाको स्विकृतिमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने ।

५.९ गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

६. कोषः

६.१ खेलकुद समितिको एक छुट्टै कोष हुनेछ ।

६.२ खेलकुद कोषको सञ्चालन समितिको अध्यक्ष र कोषाध्यक्षले गर्ने छ ।

६.३ समिति गाउँ कार्यपालिका प्रति उत्तरदायि हुनेछ ।

६.३ समितिको कोषमा गाउँ कार्यपालिका, प्रदेश सरकार, केन्द्र सरकार, तथा अन्य दाताहरुबाट प्राप्त नगद तथा जिन्सी जम्मा गर्न सकिनेछ ।

७. खेलकुद समितिका सदस्यहरुलाई हटाउन सकिनेः खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा गाउँ कार्यपालिकाको बोर्डले त्यस्तो सदस्यलाई कुनै बखत पनि हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

८. खेलकुद समितिको कार्यकाल २ बर्षको हुनेछ । गाउँ कार्यपालिकाको बोर्डले उचित ठानमा अर्को एक कार्यकल थप गर्न सक्नेछ ।

९. प्रतिवेदन पेश गर्ने :

९.१ सम्पन्न भई सकेका खेलकुद हुन बाँकी तथा खेलकुद तथा खुलकुद सम्बन्धि योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९.२ प्रतिवेदनमा आएका विषयहरुलाई खेलकुद समितिले बुलेटिन मार्फत सार्वजनिक गर्ने छ ।

१०. खेलकुद संरक्षण सम्बर्धन र प्रवर्द्धनः

१०.१ समग्र विधाको खेलकुदको संरक्षण सम्बर्धन, प्रवर्द्धन र विकास र गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

१०.२ खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिविधि गरिने कार्य यसै कार्यविधि बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि गाउँपालिका आवश्यक बजेट व्यवस्था गर्नेछ ।

११. खेलकुदको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गर्ने मूख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ ।

११.१ गाउँपालिकाका उपाध्यक्ष -संरक्षक

११.२ खेलकुद विभाग हेर्ने गाउँ कार्यपालिकाको संयोजक -प्रमुख परामर्श दाता

११.३ गाउँ कार्यपालिकाले तोकेको लब्ध प्रतिष्ठित -प्रमुख सल्लाहकार

सामाजिक व्यक्तित्व मध्येबाट १ जना प्रमुख सल्लाहकार र ४ जना सल्लाहकार

## परिच्छेद ३
## आचार संहिता

१२. आचार संहिता खेल सम्बन्धी विषयका खेलाडी समिति, संयोजक, तथा सदस्य कर्मचारी, गाउँ कार्यपालिका र सदस्यहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

१२.१ खेलको निर्णायक, खेलाडी दर्शक आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागु औषधी र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

१२.२ खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइनेछैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

१२.३ प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ तर कोचिङ्ग कक्षा सञ्चालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

१२.४ नैतिक पतन हुने फौजदारी अपराध दोषी ठहरीएको खेलाडीलाई खेलको टिमबाट हटाइने ।

१२.५ खेलको बिजय पश्चात पाउने सील्ड ट्रफि कहि कतै बेच्न धरौटी राख्न वा उपहार दिन पाइने छैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

१२.६ कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाध्य पर्नेछैन ।

१२.७ खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारीक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

१२.८ खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफनो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाईनेछन तर बिपक्षी टीमको व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

१२.९ खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्विकृति र इजाजत विना आफनो टिमको नाम जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

१२.१० गाउँपालिकाको स्विकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय बनाई सम्बन्धि क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाईनेछ ।

१२.११ यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचिकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन ।

१२.१२ प्रत्येक विधाको छुट्टै समिति ९ सदस्य हुनेछ ।

१२.१३ प्रत्येक वडामा खेलकुद समिति रहनेछ सो समितिमा १ संयोजक सहित ९ सदस्य रहेको वडा खेलकुद समिति वडा कार्यसमितिले गठन गर्नेछ ।

१३ सौजन्यता दर्तावाला संस्थाहरुले सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिका पूर्व स्विकृति लिनुपर्नेछ । तर गाउँपालिकाले स्विकृत नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यबाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्न बाध्य पर्ने छैन ।

## परिच्छेद ४
## दर्ता नविकरण र विघठन

१४. दर्ता र स्वीकृति

१४.१ गाउँ कार्यपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव खेलकुद संग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नुपर्ने ।खेलकुद संग सम्बन्धि दर्ता नभएका संस्था वा क्लवलाई खेल सञ्चालन गर्न गाउँपालिकाको स्विकृति दिनेछैन ।

१४.२ संस्था दर्ता र विधान स्वीकृतिको लागि अनुसूचि १ को ढाँचामा निवेदन दिईनु पर्नेछ ।

१४.३ संस्था दर्ता र विधान स्वीकृतीको लागि निवेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसुचि २ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोही प्रमाण पत्रमा हरेक बर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सोही गरी नविकरण गर्नुपर्नेछ ।

१४.४ पहिल्यै दर्ता भई सकेको संस्था भए गाउँपालिकामा सुचिकृतको लागि अनुसुचि ३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

१४.५ सुचिकृत भएका संस्थाहरुलाई अनुसुचि ४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्र हरेक बर्ष नविकरण भएको विवरण उल्लेख गरि सम्बन्धित कर्मचारीले सोही गरी नविकरण गर्नुपर्नेछ ।

१४.६ दर्ता वा सुचिकृत भएका संस्थाको नविकरण गर्न दिइने निवेदन अनुसुचि ५ बमोजिम को ढाँचामा हुनुपर्ने ।

१४.७ गाउँपालिकामा दर्ता वा सुचिकृत गर्दा आवेदन फारम शुल्क बाहेक अन्य दस्तुर लाग्नेछैन ।

१४.८ प्रत्येक बर्षको आषाढ मसान्त भित्र सबै दर्तावाल वा सुचिकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

१५. जरिवानाः दर्ता भएका खेलकुद सम्बन्धि संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ ।

१५.१ एक बर्ष सम्म पनि नविकरण नगरेमा रु १०००।-

१५.२ दुई बर्ष सम्म पनि नविकरण नगरेमा रु २५००।-

१५.३ तीन बर्ष सम्म पनि नविकरण नगरेमा रु ५०००।-

१५.४ पाँच बर्ष सम्म पनि नविकरण नगरेमा रु १०,०००।-

१६ पाँच बर्ष भन्दा बढी समय सम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ता सूचीबाट हटाइनेछ । यसरी समयमै नविकरण नगरी दर्ताको सुचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।

१७ समयमै नविकरण नगर्ने संस्थाले आफनो कोषबाट जरिवाना बुझाउन पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न बिलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

१८ संस्थाको विघटनः दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछनः-

१८.१ संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा ।

१८.२ लगातार ५ बर्ष सम्म संस्था नविकरण नगरेमा ।

१८.३ संस्थाका पदाधिकारी निष्कृय भएमा वा बेपता भएमा ।

१८.४ प्राकृतिक बिपतिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

१९ विघठित संस्थाको सम्पतिः विगठीत भएको संस्थाका सम्पति गाउँपालिका मातहतमा रहनेछ ।

२० खारेजि र बचाउ : माङसेबुङ गाउँपालिका मातहत सञ्चालन हुने खेलकुद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ । सो बखत भएका खेलकुद गतिविधिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची ५

(दफा १३ को उपदफा ६ संग सम्बन्धित)

श्री प्रशासकीय अधिकृत ज्यू,
माङसेबुङ गाउँपालिका
माङसेबुङ गाउँपालिकाको कार्यालय

विषयः संस्था नविकरण गरी पाउँ ।

.......................................................................नामक संस्था यस गाउँपालिकामा दर्ता/सुचिकृत भई खेलकुद सम्बन्धि गतिविधिहरु सञ्चालन गरी रहेको हुदाँ तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरीपाउँ भनि निवेदन गर्न आएको छु/छौ । अतः आर्थिक बर्ष................को संस्था नविकरण भएको ।

निवेदन साथ पेश गर्नु पर्ने कागजजातहरु
क) आर्थिक बर्ष.................को लेखापरीक्षण प्रतिवेदन
ख) संस्थाको बार्षिक गतिविधि, भावि योजना र बजेट

निवेदक

(दफा १३ को उपदफा ५ संग सम्बन्धित)

अनुसूची ४

माङसेबुङ गाउँपालिका कार्यालय

गाउँ कार्यपालिका कार्यालय

विषयः संस्था सुचिकृत प्रमाण-पत्र

संस्थाको नामः...............................................

ठेगानः.........................................................

दर्ता हुदाँका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुदाँका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थासुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । माङसेबुङ गाउँपालिका खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धि गतिविधिहरु सञ्चालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नविकरणको विवरण

| क.स. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र गा.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(दफा १३ को उपदफा ४ संग सम्बन्धित)

अनुसूची ३

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
माङसेबुङ गाउँपालिका कार्यालय
गाउँ कार्यपालिका कार्यालय

विषयः संस्था सुचिकृत प्रमाण-पत्र

हामीले तपशिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सुचिकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौ ।

संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र

ख) चालु बर्षको लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाण पत्र

घ) समितिको निर्णय

| | |
|---|---|
| ========== | ========== |
| ========== | ========== |
| सचिव | अध्यक्ष |

(दफा १३ को उपदफा २ संग सम्बन्धित)

अनुसूची १

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
माङसेबुङ गाउँपालिका कार्यालय
गाउँ कार्यपालिका कार्यालय

विषयः संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपशिल उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धि संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विद्यान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्विकृती र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरीदिनु हुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थानः.......................................................

माङसेबुङ गाउँपालिका वार्ड नं......................टोलको नामः....................

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नाम | नाम |
| मिति | मिति |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) संस्थाको छापको नमुना

(दफा १३ को उपदफा ३ संग सम्बन्धित)

अनुसूची २

माङसेबुङ गाउँपालिका कार्यालय
गाउँ कार्यपालिका कार्यालय

विषयः संस्था दर्ता प्रमाण पत्र

संस्थाको नामः...............................................
ठेगानः.........................................................

दर्ता हुदाँका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः
दर्ता हुदाँका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरीएकोछ । दमक नगर खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धि गतीविधीहरु सञ्चालन गर्न अनुमति दिईएइको छ ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नविकरणको विवरण

| क्र.स. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र गा.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणीकरण मिति : २०७५/०२/३१